# सान्टा क्ल्यारा काउन्टीमा तपाईंको मतदानको अधिकार थाहा पाउनुहोस्

क्यालिफोर्नियाको 2020 को आमनिर्वाचन

दर्ता गरिएका सबै मतदाताहरूलाई मतपत्र पत्राचार गरिने मिति **अक्टोबर 5, 2020 देखि शुरु**

मतपत्र खसाल्ने बाकसहरू खुला हुने मितिः **सोमबार, अक्टोबर 5, 2020**

दर्ता गर्ने अन्तिम मितिः **सोमबार, अक्टोबर 19, 2020**

व्यक्तिगत रूपमा मतदान गर्ने केन्द्रहरूः **सोमबार, अक्टोबर 31, 2020 - मंगलबार, नोभेम्बर 3, 2020**

सान्टा क्ल्यारा काउन्टी निर्वाचन कार्यालयः 866-430-VOTE (8683)

## मतदानका लागि तयार रहने

कुनै पनि निर्वाचनमा मतदान गर्न, तपाईंले सबैभन्दा पहिले मतदानका लागि नाम दर्ता गर्नुपर्छ! तपाईंले यी अवस्थामा नाम दर्ता गराउन सक्नुहुन्छः

- युएस नागरिक भएमा;
- क्यालिफोर्नियाको बासिन्दा भएमा;
- निर्वाचनको दिनमा उमेर 18 वर्ष वा सोभन्दा धेरै भएमा;
- कुनै अपराधको अभियोगमा अहिले जेलमा वा प्यारोलमा नभएमा; र
- अदालतले “मानसिक रूपमा असक्षम” प्रमाणित नगरेको अवस्थामा ।

<u>पहिले नै दर्ता गरिसक्नुभयो?</u>

तपाईंको मतदाता दर्ता जानकारी जाँच र अद्यावधिक गर्नुहोस् । निम्न प्रयोजनका लागि [voterstatus.sos.ca.gov](voterstatus.sos.ca.gov) को प्रयोग गर्नुहोस्:

✓ तपाईंको पत्राचारको ठेगाना यकिन गर्न
✓ तपाईंको काउन्टीको निर्वाचन कार्यालयबाट नियमित रूपमा सूचना प्राप्त गर्नका लागि इमेल ठेगाना थप्न वा अद्यावधिक गर्न
✓ तपाईंको क्षेत्रमा उपलब्ध भएको हदसम्म अनुवादित सामग्री प्राप्त गर्न तपाईंको प्राथमिकताको भाषा इंगित गर्न

तपाईंले तपाईंको जानकारी काउन्टी निर्वाचन कार्यालयको वेवसाइटमा उपलब्ध सान्टा क्ल्याराको कार्य अनुरोध फारम (भोटर्स एक्सन रिक्वेस्ट फर्म) प्रयोग गरी पनि अद्यावधिक गर्न सक्नुहुन्छ ।

<u>दर्ता गर्न चाहनुहुन्छ?</u>

सोमबार, अक्टोबर 19 भर तपाईंले यसरी दर्ता गर्न सक्नुहुन्छः

- अनलाईनमा [registertovote.ca.gov](registertovote.ca.gov);
- डीएमभी, हुलाक कार्यालय, पुस्तकालय वा तपाईंको काउन्टी निर्वाचन कार्यालयमा; वा
- मतदान दर्ता फारम अनुरोध गर्न काउन्टी निर्वाचन कार्यालयलाई 1-866-430-VOTE (8683) मा कल गरेर, जुन अक्टोबर 19 भित्र हुलाकमा पुग्नुपर्छ । टिकट चाहिदैंन!

<u>मैले मतदाता दर्ताको अन्तिम मिति छुटाएँ भने के गर्ने?</u>

केही छैन! तपाईंले निर्वाचनको दिनसम्म र सोही दिन पनि नाम दर्ता गरी मतदान गर्न सक्नुहुन्छ ।

विकल्प 1: तपाईं दर्ता गर्नका लागि काउन्टी निर्वाचन कार्यालय वा तपाईंको काउन्टीको कुनै मतदान केन्द्रमा गइ “सेम डे भोटर रजिस्ट्रेसन” प्रयोग गर्न र मतदान गर्न सक्नुहुन्छ । तपाईंले सोही ठाउँमा पुरा गर्नका लागि मतदाता फारम र मतपत्र प्राप्त गर्नुहुनेछ ।

विकल्प 2: यदि तपाईं मतदान गर्नका लागि दर्ता हुनुभएको छैन र निर्वाचन कार्यालय वा मतदान केन्द्रमा जान सक्नुहुन्न भने, तपाईंले टाढा नै रहेर पनि “रिमोट एक्सेसिबल भोट-बाइ-मेल” को प्रयोग गरी कसरी दर्ता र मतदान गर्न सक्नुहुन्छ भनी काउन्टी निर्वाचन कार्यालयमा सम्पर्क गर्नुहोस् ।

ASIAN AMERICANS
ADVANCING JUSTICE
ASIAN LAW CAUCUS

# कसरी मतदान गर्ने? तपाईंसँग विकल्पहरू छन्!

## घरबाट मतदान गर्नुहोस्

यदि तपाईंले अक्टोबर 19 भित्र दर्ता गर्नुभयो भने, तपाईंले कसरी भर्ने र फिर्ता पठाउने भन्ने निर्देशनसहितको मतपत्र **हुलाक**मार्फत स्वतः प्राप्त गर्नुहुनेछ। तपाईंले यसो गर्न सक्नुहुनेछः

1. तपाईंको मतपत्र हुलाकबाट पठाउनुहोस् -- टिकट चाहिदैंन!
   - तपाईंको मतपत्रको खाममा हस्ताक्षर गर्न र मिति लेख्न नबिर्सिनुहोला।
   - तपाईंको मतपत्रमा निर्वाचनको दिन वा सोभन्दा अगाडिको हुलाकको चिन्ह लागेको निश्चित गर्नुहोस्।
2. यसलाई काउन्टीभर रहेको आधिकारिक मतपत्र "खसाल्ने बाकसहरू" मध्ये कुनै एउटा वा मतदान केन्द्रमा खसाल्नुहोस् -- यसका लागि पनि कुनै टिकट चाहिदैंन! अक्टोबर 5 देखि नोभेम्बर 3 को राति 8 बजेसम्म 24 घण्टा नै खुला रहने मतपत्र खसाल्ने बाकसहरू छन्। तपाईंको स्थान नजिकै रहेका मतदान केन्द्रहरू वा खसाल्ने बाकसहरू खोज्नका लागि eservices.sccgov.org/rov/ मा जानुहोस्।

## व्यक्तिगत रूपमा मतदान गर्नुहोस्

यदि तपाईंले व्यक्तिगत रूपमा मतदान गर्न चाहनुहुन्छ भने, त्यसो गर्न सक्नुहुन्छ! तपाईंको काउन्टीको निर्वाचन कार्यालय र मतदान केन्द्रहरूमा प्रारम्भिक मतदान (अर्लि भोटिङ) र सोही दिनको दर्ता उपलब्ध छन्।

सान्टा क्ल्यारा काउन्टी निर्वाचन कार्यालय 1555 Berger Drive Building 2, San Jose, CA 95112 मा छ। यो मतदानका लागि खुला रहन्छः
सोमबार-शुक्रबार, अक्टोबर 5-नोभेम्बर 2: 8:00am - 5:00pm
शनिबार-आइतबार, अक्टोबर 24 - 25 र अक्टोबर 31 - नोभेम्बर 1: 8:00am - 5:00pm
नोभेम्बर 3: 7:00am - 8:00pm

वा तपाईंले काउन्टीको कुनै पनि मतदान केन्द्रमा मतदान गर्न सक्नुहुन्छ। मतदान केन्द्रहरू **शनिबार, अक्टोबर 31, 2020 देखि मंगलबार, नोभेम्बर 3, 2020** सम्म खुला रहनेछन्। तपाईंले मतदान केन्द्र र समयको बारेमा जानकारी हुलाकमार्फत प्राप्त गर्नुहुनेछ, वा तपाईं तपाईंको स्थान नजिकको मतदान केन्द्र खोज्न eservices.sccgov.org/rov/ मा पनि जान सक्नुहुन्छ।

निर्वाचनको दिनमा, मतदान केन्द्रहरू **7 a.m. देखि 8 p.m सम्म** खुला रहनेछन्। *तपाईं बेलुकी 8 बजेसम्म लाईनमा बस्दासम्म मतदान गर्न पाउनुहुनेछ।*

कुनै पनि मतदान केन्द्रमा जानुहोस् र मतपत्र प्राप्त गर्नका लागि तपाईंको नाम र ठेगाना त्यहाँ दिनुहोस्। यदि तपाईं गैर अंग्रेजी भाषामा मतदान गर्न चाहनुहुन्छ भने, उनीहरूसँग त्यो भाषामा कुनै सामग्रीहरू छ की र मतदान केन्द्रमा काम गर्ने कसैले त्यो भाषा बोल्छन् की भनेर सोध्नुहोस्।

<u>त्यहाँ कुनै जनस्वास्थ्य संरक्षण हुनेछ?</u>

हो। मतदान केन्द्रका कर्मचारीहरूले मास्क लगाउनेछन् र जनस्वास्थ्य मार्गदर्शनहरूको पालना गर्नेछन्, र उनीहरूले भौतिक दूरी कायम हुने गरी मतदान केन्द्रहरू स्थापना गर्नेछन्। मतदाताहरूले मुख छोप्ने सामग्री लगाउने र भौतिक दूरी कायम गर्नेसहित राज्य र स्थानीय जनस्वास्थ्य मापदण्डहरूको पालना गर्नुपर्नेछ।

<u>मतदानको क्रममा के मैले मेरो आइडी देखाउनुपर्छ?</u>

लगभग सबैजसो अवस्थामा, पर्दैन। यदि तपाईंले पहिलो पटक मतदान गर्दै हुनुहुन्छ र तपाईंले मतदानको लागि नाम दर्ता गर्ता तपाईंको सवारी चालक अनुमतिपत्र नम्बर, स्टेट आइडी नम्बर वा सामाजिक सुरक्षा नम्बर समावेश गर्नुभएको थिएन भने मात्र कागजात देखाउनुपर्छ। यदि यस्तो अवस्था छ भने, धेरै कागजातहरूले काम गर्नेछन्। यदि तपाईं चिन्तित हुनुहुन्छ भने, तपाईंको निर्वाचन कार्यालयलाई अग्रिम कल गर्नुहोस्।

<u>के मैले मलाई मतदान गर्न सहयोग गर्नका लागि कसैलाई ल्याउन सक्छु?</u>

हो। क्यालिफोर्नियाको कानूनले तपाईंलाई व्यक्तिगत रूपमा मतदान गर्दा तपाईंलाई सहयोग गर्नका लागि दुई जनासम्म सहयोगी ल्याउन अनुमति दिन्छ तर तिनीहरूले तपाईंको रोजगारदाता वा युनियनलाई प्रतिनिधित्व गर्नुहुँदैन। परिवारको सदस्य वा साथीलाई ल्याउनुहोस्।

## यदि मतदान गर्दा म कुनै समस्यामा परे भने?

नछोड्नुहोस्! पुनः दर्ता र मतदान गर्नका लागि **उही दिनको मतदाता दर्ता अर्थात् सेम-डे भोटर रजिस्ट्रेसनको प्रयोग गर्न भन्नुहोस् ।** यदि तपाईं कुनै कारणले यसो गर्न सक्नुहुन्न भने, **अस्थायी अर्थात् प्रोभिजनल मतपत्र माग्नुहोस्**, जुन मतपत्र निर्वाचन अधिकारीहरूले तपाईंको योग्यता पुष्टि गरेपछि निर्वाचनको दिनपछि गणना हुनेछ ।

वा, निर्वाचनको दिनको मतदाता संरक्षण हटलाईनमा कल गर्नुहोस्ः

- अंग्रेजीमा सहायताका लागि 866-OUR-VOTE (866-687-8683) ।
- अंग्रेजी, मान्डरियन, क्यान्टोनिज, भियतनामी, कोरियन, बैंगाली, उर्दू, हिन्दी र टागालगमा सहायताका लागि 888-API-VOTE (888-274-8683) ।
- 888-Ve-Y-Vota (888-839-8682) NALEO शैक्षिक कोष टोलफ्री दोभाषे अंग्रेजी-स्पानिस हटलाईन।

### <u>के मैले अंग्रेजीबाहेक अन्य भाषामा मतदान गर्न सक्छु?</u>

हो! यदि तपाईंले ख्मेर, चिनियाँ, टागालग, हिन्दी, जापानी, कोरियन, स्पानिस वा भियतनामीमा मतदान गर्न चाहनुहुन्छ भने, तपाईंले मतदान गर्न सक्ने अनुवादित मतपत्रहरू उपलब्ध छन् । यदि तपाईं नेपाली, गुजराती, पञ्जावी, तमिल र तेलेगु बोल्नुहुन्छ भने, अनुवाद गरिएका “फक्सिमिल” मतपत्रहरू उपलब्ध हुन सक्छन् ।

यदि तपाईं घरबाट मतदान गर्दै हुनुहुन्छ र अनुवाद गरिएको मतपत्र वा अन्य स्रोतहरू चाहनुहुन्छ भने, निर्वाचन कार्यालयलाई 866-430-VOTE (8683) मा कल गर्नुहोस् र उनीहरूसँग तपाईंलाई अनुवाद गरिएको मतपत्र पठाउन भन्नुहोस् ।

यदि तपाईं व्यक्तिगत रूपमा मतदान गर्दै हुनुहुन्छ भने, मतदान केन्द्रमा रहेका कर्मचारीसँग अनुवाद गरिएका मतपत्रहरू माग्नुहोस् । त्यहाँ तपाईंलाई सहयोग गर्नका लागि दोभाषे निर्वाचन कर्मचारीहरू पनि हुन सक्छन् ।

तपाईंले मतदानमा भाषाको पहुँचको बारेमा थप वर्णनात्मक सामग्री भएको ह्याण्डआउट यहाँ पाउन सक्नुहुन्छः
[advancingjustice-alc.org/know-your-voting-rights/](advancingjustice-alc.org/know-your-voting-rights/)